# भाग २

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५३ सालको ऐन नं. ३०

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

**नेपाल स्वास्थ्य व्यवसायी परिषद्को व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना : नेपाल अधिराज्यको स्वास्थ्य सेवालाई समयानुकूल प्रभावकारी बनाउन मेडिकल काउन्सिल ऐनमा दर्ता हुन योग्य**



१२१६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चिकित्सक, नर्स बाहेकका स्वास्थ्य व्यवसायीहरुको सेवालाई व्यवस्थित एवं वैज्ञानिक ढङ्गले परिचालन गर्न तथा उनीहरुको योग्यता अनुसार नाम दर्ता गर्ने व्यवस्था गर्न स्वास्थ्य व्यवसायी परिषद्को स्थापना गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३" रहेकोछ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि तोकेको स्थानमा लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(१) "परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल स्वास्थ्य व्यवसायी परिषद् सम्झनु पर्छ ।

(२) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(३) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।

(४) "स्वास्थ्य व्यवसाय" भन्नाले बिरामीको रोगको उपचार, निदान, रोकथाम वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्वास्थ्य व्यवसाय सम्बन्धी कुनै कार्यलाई जनाउँछ ।

(५) "स्वास्थ्य व्यवसायी" भन्नाले तोकिएको न्यूनतम योग्यता प्राप्त गरी स्वास्थ्य व्यवसायमा लागेको व्यक्ति सम्झनु पर्छ ।

(६) "दर्ता किताब" भन्नाले यो ऐन अन्तर्गत स्वास्थ्य व्यवसायीहरुको नाम दर्ता गर्न खडा गरिएको दर्ता किताब सम्झनु पर्छ ।

(७) "दर्तावाला स्वास्थ्य व्यवसायी" भन्नाले दर्ता किताबमा नाम दर्ता भएका स्वास्थ्य व्यवसायी सम्झनु पर्छ ।

(८) "समिति" भन्नाले दफा १२ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(९) "रजिष्ट्रार" भन्नाले दफा १३ बमोजिम नियुक्त गरेको वा तोकेको व्यक्ति सम्झनु पर्छ ।

(१०) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. परिषद्को स्थापना : स्वास्थ्य सेवालाई व्यवस्थित रुपबाट सञ्चालन गर्न स्वास्थ्य व्यवसायीहरुको नाम योग्यता अनुसार दर्ता गर्नको लागि स्वास्थ्य व्यवसायी परिषद् स्थापना गरिएकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. परिषदको गठन : (१) दफा ३ बमोजिम स्थापना भएको परिषद्मा देहायका सदस्यहरु रहनेछन् :-

(क) स्वास्थ्य व्यवसायसंग सम्बन्धित विषयमा स्नातकोपाधि प्राप्त गरी कम्तीमा ५ वर्ष स्वास्थ्य व्यवसायमा लागेका व्यक्तिहरु मध्येबाट श्री ५ को सरकारबाट मनोनीत व्यक्ति - अध्यक्ष

(ख) नेपाल स्वास्थ्य प्राविधिक संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य

(ग) नेपाल फर्मास्यूटिकल एशोशियसनको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य

(घ) नेपाल रेडियोलोजिकल सोसाइटिको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य

(ङ) प्याथोलोजी, फिजियोथेरापी, पब्लिक हेल्थ विषय समूहबाट नेपाल स्वास्थ्य प्राविधिक संघको सिफारिसमा श्री ५ को सरकारबाट मनोनीत तीनजना दर्तावाला स्वास्थ्य व्यवसायीहरु - सदस्य

१२९६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) दर्तावाला स्वास्थ्य व्यवसायीहरुले आफू मध्येबाट तोकिए बमोजिम निर्वाचन गरेका स्वास्थ्य व्यवसायीहरु चारजना - सदस्य

(छ) चिकित्साशास्त्र अध्ययन संस्थानको डीन वा निजले तोकेको प्रतिनिधि - सदस्य

(ज) प्रतिनिधि, नेपाल मेडिकल काउन्सिल - सदस्य

(२) श्री ५ को सरकारले परिषद्को सल्लाह लिई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी परिषद्को सदस्यहरु थपघट वा हेरफेर गर्न सक्नेछ ।

(३) परिषद्ले आवश्यक देखेमा चिकित्सा व्यवसायी क्षेत्रको कुनै स्वदेशी वा विदेशी विशेषज्ञलाई पर्यवेक्षकको रुपमा बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) परिषद् गठन नभएसम्मको लागि परिषद्ले गर्नु पर्ने काम गर्ने गरी श्री ५ को सरकारले दफा ४ बमोजिमका क्षेत्रहरु समेटिने गरी समिति गठन गर्न सक्नेछ । त्यसरी गठन भएको समितिको अवधि बढीमा एक वर्षको हुनेछ ।

५. <u>परिषद स्वशासित संस्था हुने</u> : (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

१२२०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) परिषद्को सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

(४) परिषद्ले व्यक्ति सरह नालिस उजुर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

६. <u>सदस्यको पदावधि</u> : (१) परिषद्मा मनोनीत वा निर्वाचित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ । पदावधि समाप्त भएपछि निजहरु पुनः मनोनीत वा निर्वाचित हुन सक्नेछन् ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि अर्को सदस्य मनोनीत वा निर्वाचित हुनेछ ।

७. <u>सदस्यको निमित्त अयोग्यता</u> : देहायको कुनै व्यक्ति परिषद्को सदस्यमा मनोनीत वा निर्वाचित हुन वा सदस्यमा बहाल रहन अयोग्य मानिनेछ :-

(१) गैर नेपाली नागरिक,

(२) दर्ता किताबमा नाम हटाइएको,

(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको, वा

(४) मगज बिग्रेको ।

९२२९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. सदस्यता समाप्त हुने अवस्था : देहायको अवस्थामा परिषद्को सदस्यता समाप्त भएको मानिनेछ :-

(१) दफा ७ बमोजिम सदस्य रहन अयोग्य भएमा,

(२) सदस्यको पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(३) मृत्यु भएमा, वा

(४) परिषद्लाई कारण सहितको सूचना नदिई लगातार तीन पटकभन्दा बढी परिषद्को बैठकमा अनुपस्थित भएमा ।

९. परिषदको काम, कर्तव्य र अधिकार : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) स्वास्थ्य व्यवसाय सम्बन्धी काम सुचारु रुपले सञ्चालन गर्न आवश्यक नीति निर्धारण गर्ने ।

(२) स्वास्थ्य व्यवसायी सम्बन्धी अध्ययन, अध्यापन गराइने शिक्षण संस्थाहरुको पाठ्यक्रम, भर्नाका शर्तहरु तथा परीक्षा प्रणाली सम्बन्धी नीति निर्धारण गरी तत्सम्बन्धी कुराहरुको मूल्याङ्कन र पुनरावलोकन गर्ने ।

(३) स्वास्थ्य व्यवसायीहरुको योग्यताको निर्धारण गरी योग्यता पुगेका स्वास्थ्य व्यवसायीहरुको नाम दर्ता गर्ने व्यवस्था गर्ने ।

१२२२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. <u>परिषद्को बैठक र निर्णय</u> : (१) परिषद्को बैठक अध्यक्षले तोके बमोजिम हुनेछ ।

(२) परिषद्को बैठक साधारणतया वर्षको तीन पटक बस्नेछ र अध्यक्षले आवश्यक देखेमा बढी पटक पनि बैठक बोलाउन सक्नेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(४) परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन पाउनेछ ।

(६) परिषद्को निर्णय रजिष्ट्रारद्वारा प्रमाणित गरिनेछ ।

(७) सदस्यहरुले बैठकमा भाग लिँदा पाउने भत्ता तथा अन्य सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१२२३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. अधिकार प्रत्यायोजन : परिषद्‌ले आफ्नो अधिकार आवश्यकतानुसार अध्यक्ष, सदस्य वा तोकिए बमोजिम सदस्यहरुको समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१२. समिति : (१) परिषद्‌को निर्णयहरु कार्यान्वयन गर्न परिषद्‌ले तोकिए बमोजिम विभिन्न विषय सम्बन्धी समितिहरुको गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने विषय समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी अन्य कार्यविधि परिषद्‌ले तोके बमोजिम हुनेछ ।

१३. रजिष्ट्रार : (१) परिषद्‌को प्रशासकीय काम कारबाही गर्न श्री ५ को सरकारले स्वास्थ्य व्यवसायमा संलग्न कुनै व्यक्तिलाई रजिष्ट्रारमा नियुक्त गर्न वा तोक्न सक्नेछ ।

(२) रजिष्ट्रारले परिषद्‌को सचिव भै काम गर्नेछ ।

(३) रजिष्ट्रारको सेवा, शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

(४) रजिष्ट्रारको अनुपस्थितिमा निजले गर्नु पर्ने सबै काम कारबाही गर्न श्री ५ को सरकारले परिषद्‌को अन्य कुनै अधिकृत तहको कर्मचारीलाई तोक्नेछ ।

१४. रजिष्ट्रारको काम, कर्तब्य र अधिकार : रजिष्ट्रारको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ : -

(१) परिषद्‌को निर्णय कार्यान्वयन गर्ने, गराउने ।

१२२८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) परिषद्को बैठकमा पेश गर्नु पर्ने छलफलको विषय सूची तयार गर्ने ।

(३) रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१५. परिषद्का कर्मचारी : (१) परिषद्ले आवश्यक भए जति कर्मचारीहरु नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरु रजिष्ट्रारको रेखदेख र नियन्त्रणमा रहनेछन् ।

(३) परिषद्का कर्मचारीहरुको सेवा, शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

१६. दर्ता किताबमा नाम दर्ता गराउन दरखास्त दिने : (१) तोकिए बमोजिमको न्यूनतम योग्यता प्राप्त गरेका स्वास्थ्य व्यवसाय गर्न चाहने स्वास्थ्य व्यवसायीले यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही दर्ता किताबमा नाम दर्ता गराउन परिषद्मा तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ भएका बखत स्वास्थ्य व्यवसाय गरिरहेका स्वास्थ्य व्यवसायीहरुले दर्ता किताबमा नाम दर्ता गराउन यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र उपदफा (१) बमोजिम दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम नाम दर्ता गराउन दरखास्त दिने स्वास्थ्य व्यवसायीले दरखास्त साथ आफ्नो योग्यता सम्बन्धी प्रमाणपत्र, सिफारिसपत्र, उपाधि र तोकिए बमोजिमको दस्तुर संलग्न गर्नु पर्नेछ ।

१८८५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. दरखास्त उपर कारबाही : (१) दफा १६ बमोजिम पर्न आएको दरखास्त उपर रजिष्ट्रारले आवश्यक जाँचबुझ गरी दर्ता किताबमा नाम दर्ता गर्न सम्बन्धित विषय समितिमा पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएको दरखास्त उपर सम्बन्धित विषय समितिले योग्यता सम्बन्धी प्रमाणपत्र र उपाधि मान्यता प्राप्त हो होइन र दरखास्त रीत पूर्वक छ छैन भन्ने कुरामा समेत जाँचबुझ गरी पन्ध्र दिनभित्र परिषद् समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले पेश गरेको प्रतिवेदनको आधारमा दरखास्तवालाको नाम दर्ता किताबमा दर्ता गर्ने नगर्ने कुराको निर्णय परिषद्ले गर्नेछ ।

(४) उपदफा (३) बमोजिम परिषद्ले दरखास्तवालाको नाम दर्ता हुने निर्णय गरेकोमा रजिष्ट्रारले त्यस्तो दरखास्तवालाको नाम दर्ता किताबमा दर्ता गरी तोकिएको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ र परिषद्ले दरखास्तवालाको नाम दर्ता नगर्ने निर्णय गरेकोमा रजिष्ट्रारले त्यसको जानकारी दरखास्तवालालाई दिनेछ ।

१८. दर्ता किताबबाट नाम हटाउने र पुन: नाम दर्ता गर्ने : (१) देहायका कुनै अवस्थामा परिषद्ले कुनै दर्तावाला स्वास्थ्य व्यवसायीको नाम दर्ता किताबबाट हटाउन आदेश दिन सक्नेछ :-

(क) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट सजाय पाएको,

१२२६


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) पेशा सम्बन्धी तोकिएको आचरण पालन नगरेको भनी परिषद्को दुई तिहाई बहुमतले ठहऱ्याएको, वा

(ग) मगज बिग्रेको वा शारीरिक अवस्थाले पेशा गर्न असमर्थ भएमा ।

(२) उपदफा (१) बमोजिम दर्ता किताबबाट नाम हटाइएको स्वास्थ्य व्यवसायीले मनासिब माफिकको कारण देखाई पुनः नाम दर्ता गराउन दरखास्त दिएमा परिषद्ले निजको नाम पुनः दर्ता गर्न मनासिब देखेमा परिषद्ले नाम दर्ता गर्ने आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम आदेश प्राप्त भएकोमा रजिष्ट्रारले तोकिए बमोजिम दस्तुर लिई त्यस्तो स्वास्थ्य व्यवसायीको नाम दर्ता किताबमा पुनः दर्ता गरी प्रमाणपत्र दिनु पर्नेछ ।

१९. <u>प्रमाणपत्र रद्द गर्ने</u> : धोका वा गल्तीले कुनै व्यक्तिको नाम दर्ता किताबमा दर्ता हुन गएको रहेछ भन्ने कुराको जानकारी हुन आई सो कुरा जाँचबुझ गर्दा साँचो ठहरिन आएमा परिषद्ले त्यस्तो व्यक्तिको दर्ताको प्रमाणपत्र फिर्ता लिई दर्ता रद्द गर्न सक्नेछ ।

२०. <u>स्वास्थ्य व्यवसाय गर्न नपाउने</u> : यो ऐन प्रारम्भ भएको एकवर्ष पछि दर्तावाला स्वास्थ्य व्यवसायी बाहेक अन्य स्वास्थ्य व्यवसायीले प्रत्यक्ष वा अप्रत्यक्ष रुपले स्वास्थ्य व्यवसाय गर्न पाउने छैन ।

१२२८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. शैक्षिक योग्यताको मान्यता : (१) परिषद्को सिफारिसमा श्री ५ को सरकारले स्वास्थ्य व्यवसाय सम्बन्धी शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिहरुलाई मान्यता प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम श्री ५ को सरकारबाट मान्यता प्रदान गरिएको शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिहरु नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।

२२. विवरण माग गर्न सक्ने : दफा २१ बमोजिम मान्यता प्रदान गरिएको शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिहरु प्रदान गर्ने शिक्षण संस्थाले त्यस्तो प्रमाणपत्र वा अन्य उपाधिहरुको निमित्त निर्धारित गरेको पाठ्यक्रम तथा भर्नाको लागि निर्धारित गरेको शर्तहरुको मूल्याङ्कनको लागि परिषद्ले समय समयमा त्यस्तो संस्थासंग विवरण माग गर्न सक्नेछ र सो विवरण उपलब्ध गराउनु त्यस्तो संस्थाको कर्तब्य हुनेछ ।

२३. परीक्षाको निरीक्षण : दफा २१ बमोजिम मान्यता प्रदान गरिएको शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिहरुको लागि सम्बन्धित शिक्षण संस्थाबाट लिइने परीक्षाहरु निरीक्षण गर्नको लागि परिषद्ले निरीक्षक नियुक्त गरी पठाउन सक्नेछ । यसरी नियुक्त गरिएका निरीक्षकले आफूले निरीक्षण गरेका परीक्षाको सम्बन्धमा परिषद्ले तोकेको विवरण खुलाई परिषद् समक्ष प्रतिवेदन पेश गर्नेछ ।

तर निरीक्षकले त्यस्तो कुनै परीक्षामा कुनै किसिमको हस्तक्षेप गर्न पाउने छैन ।

२४. मान्यता हटाउने : (१) दफा २२ बमोजिम प्राप्त विवरण र

९२२८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दफा २३ बमोजिम प्राप्त प्रतिवेदन उपर विचार गर्दा दफा २१ बमोजिम मान्यता प्रदान गरिएको कुनै शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिहरुको निमित्त सम्बन्धित शिक्षण संस्थाले निर्धारण गरेको पाठ्यक्रम, भर्नाका शर्तहरु तथा निरीक्षण सञ्चालन विधि उपयुक्त एवं पर्याप्त छैन भन्ने लागेमा सो सम्बन्धमा परिषद्ले आफ्नो प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्को प्रतिवेदन प्राप्त भएपछि श्री ५ को सरकारले आवश्यक देखेमा सम्बन्धित शिक्षण संस्थासंग स्पष्टीकरण माग गर्न सक्नेछ र स्पष्टीकरण प्राप्त भएमा सो उपर विचार गरी अरु कुनै जाँचबुझ गर्नु पर्ने भए आवश्यक जाँचबुझ गरी सो समेतको आधारमा श्री ५ को सरकारले त्यस्तो शिक्षण संस्थाबाट कुनै खास मितिपछि प्रदान गरिएको स्वास्थ्य व्यवसाय सम्बन्धी शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिको मान्यतालाई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हटाउन सक्नेछ ।

२५. <u>परिषदको कोष</u> : (१) परिषद्को एउटा छुट्टै कोष रहनेछ ।

(२) परिषद्को कोषमा देहाय बमोजिमका रकमहरु रहने छन् :-

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) स्वास्थ्य व्यवसायीहरुको नाम दर्ता दस्तुर बापत प्राप्त रकम, र

(ग) अन्य स्रोतबाट प्राप्त रकम ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) परिषद्को कोषको सञ्चालन परिषद्ले तोके बमोजिम हुनेछ ।

२६. लेखा र लेखापरीक्षण : (१) परिषद्को आय व्ययको लेखा तोकिए बमोजिम राखिनेछ ।

(२) परिषद्को लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा कोषको हिसाब किताब सम्बन्धी कागजात जुनसुकै बखत जाँच्न वा जँचाउन सक्नेछ ।

२७. परिषदको विघटन : (१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार प्रयोग गर्न नसकेको वा अधिकारको दुरुपयोग गरेको वा प्राप्त अधिकार भन्दा बढी अधिकार प्रयोग गरेको वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिषद्ले पालन गर्नु पर्ने कर्तब्य पालन गर्न नसकेको भन्ने श्री ५ को सरकारलाई लागेमा श्री ५ को सरकारले परिषद्लाई विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद् विघटन भएपछि सो परिषद्को कोष र अन्य सम्पति श्री ५ को सरकारले आफ्नै जिम्मामा राखी अर्को परिषद् गठन नभएसम्म यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिषद्ले गर्नु पर्ने सबै काम कारबाही आफैले गर्न वा कुनै समिति गठन गरी सो समितिबाट गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम परिषद् विघटन भएको साधारणतया तीन महिनाभित्र श्री ५ को सरकारले दफा ३ बमोजिम अर्को परिषद् गठन गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) अर्को परिषद् गठन भएपछि उपदफा (२) बमोजिम श्री ५ को सरकारले आफ्नो जिम्मामा राखेको कोष र सम्पत्ति उक्त परिषद्लाई बुझाउनेछ ।

२८. दण्ड सजाय : (१) दफा २० को बर्खिलाप स्वास्थ्य व्यवसाय गर्ने व्यक्तिलाई तोकिए बमोजिम सजाय हुनेछ ।

(२) उपदफा (१) मा उल्लेख गरिएको बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप हुने कुनै काम गर्ने व्यक्तिलाई तोकिए बमोजिम सजाय हुनेछ ।

२९. अनुसन्धान र तहकिकात गर्ने अधिकारी : यो ऐन अन्तर्गत कसूर ठहरिने मुद्दाको अनुसन्धान र तहकिकात गर्ने अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारीलाई हुनेछ ।

३०. श्री ५ को सरकार वादी हुने : दफा २९ बमोजिम अनुसन्धान तहकिकात भै अदालतमा दायर गरिने मुद्दा श्री ५ को सरकार वादी हुनेछ ।

३१. पुनरावेदन : यो ऐन बमोजिम परिषद्ले गरेको निर्णय वा दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय वा आदेशको सूचना पाएको मितिले पैतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

३२. नियम बनाउने अधिकार : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले परिषद्को परामर्श लिई आवश्यक नियमहरु बनाउन सक्नेछ ।

१२३१


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३३. **विनियम बनाउने अधिकार** : परिषद्ले आफ्नो दैनिक कार्य सञ्चालनको लागि श्री ५ को सरकारको स्वीकृति लिई विनियमहरु बनाउन सक्नेछ ।

लालमोहर सदर मितिः- २०५३।११।३।६

आज्ञाले,

**विनोदकुमार देवकोटा**

श्री ५ को सरकारको का.मु. सचिव

१२३२



मुद्रण विभाग, सिंहदरबार, काठमाण्डौमा मुद्रित ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार